नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभाग

(राजस्व निर्धारण शाखा)

☎ फ्याक्स नं: ४२३०८५

☎ महानिर्देशक: ४२२२०५६

☎ निर्देशक प्रशासन: ४२२२९८२

☎ निर्देशक योजना: ४२२६९८८

☎ भू.व्य.शाखा: ४२६६४९३

☎ भू.प्र.शाखा: ४२६६४९३

☎ लिग शाखा: ४२२८०२८

Email: info@dolrm.gov.np

बबरमहल, काठमाण्डौ


प.सं. ०७४।७५ रा.नि. १८

च.नं. : ९११८८

मिति:- २०७४/०९/०७

विषय :- राजश्व रकम बाँडफाड सम्बन्धमा ।

श्री मालपोत कार्यालय, सबै ।

श्री भूमिसुधार कार्यालय, सबै ।

प्रस्तुत विषयमा "नेपालको संविधानको अनुसूचि ६ र ८ मा घरजग्गा बापतका रजिष्ट्रेशन दस्तुरको अधिकार क्षेत्र प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र भित्र परेको । साथै उक्त दस्तुरको व्यवस्थापनका लागि अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा थप स्पष्ट व्यवस्था समेत गरेको सन्दर्भमा प्रदेश सरकार गठन नभइसकेको र दर तथा संकलनको प्रक्रिया समेत तय भैसकेको छैन । यसैगरी विगत देखि नै साविकको दर र प्रक्रिया अनुसार रजिष्ट्रेशन शुल्क उठाइ सकेको तत्कालिन अवस्थामा देहाय बमोजिम गर्न नेपाल सरकार (मा.उप-प्रधानमन्त्री स्तर) मिति २०७४।०९।०४को निर्णयानुसार अनुरोध छ" भनि नेपाल सरकार संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको प.सं. ०७४।७५ च.नं. २५ मिति २०७४।०९।०७ को पत्रबाट लेखि आएको हुँदा सोही बमोजिम गर्नु हुन आदेशानुसार अनुरोध छ ।

देहाय :

१.स्थानीय निकाय खारेज भै स्थानीय तह गठन भईसकेको अवस्थामा राजश्व बाँडफाडको Modality तयार नभइसकेकोले हाललाइ उक्त दस्तुर बापत साविकको स्थानीय निकायले पाउने रजिष्ट्रेशन दस्तुरको रकम सम्बन्धित जिल्ला समन्वय समितिमा खर्च नगर्ने र पछि बाँडफाड हुने गरी जम्मा गरी राख्ने ।

२.साविकको व्यवस्था अनुसार नेपाल सरकारले पाउने रकम सोझै केन्द्रिय राजश्वमा दाखिला गर्ने व्यवस्था मिलाउने ।

(रमेश कुमार कोइराला)

शाखा अधिकृत

बोधार्थ:

श्री भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार,काठमाण्डौ ।

श्री अर्थ मन्त्रालय,

(राजश्व व्यवस्थापन महाशाखा),सिंहदरवार,काठमाण्डौ ।

श्री नापी विभाग, मीनभवन, काठमाण्डौ ।

श्री जिल्ला समन्वय समिति, सबै ।